# मण्डनदेउपुर नगरपालिका
**MANDANDEUPUR MUNICIPALITY**
नगर कार्यपालिकाको कार्यालय
**Office of the Municipal Executive**

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal


पत्र संख्या : २०७७/०७८
चलानी नं. :- १६८०

मितिः २०७८/०१/२३

**विषयः कोरोना भाइरस (COVID-19) को रोकथाम तथा नियन्त्रण सम्बन्धमा नगरपालिकाको अत्यन्त जरुरी सूचना ।**

कोरोना भाइरस (COVID-19) को दोस्रो लहरको संक्रमण दर दिन प्रतिदिन बढिरहेको र मृत्यु हुनेको संख्या दिनानुदिन बृद्धि भइरहेको ब्यहोरा सबैमा विदितै छ। यसै सन्दर्भमा यस नगरपालिका भित्रका नगरकार्यपालिकाको कार्यालय, वडा कार्यालय र विद्यालयहरुका दैनिक कार्यहरु हाल स्थगन गरिएको तर नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका बैंक, सहकारी तथा वित्तीय संस्थाहरु दैनिक रुपमा संचालन भइरहेको र दैनिक अत्यावश्यक सामग्री बिक्री गर्ने पसलहरु समेत नियमित रुपमा संचालनमा भई मानिसहरुको चहल पहल र जमघट भई संक्रमण दर दिनप्रतिदिन बढिरहेको देखिएकोले अर्को सूचना नभएसम्मका लागि तपसिल अनुसार मात्र संचालन गर्नु गराउनु हुन सम्बन्धित सबैमा सूचित गरिन्छ । यस सूचनालाई वेवास्था गरी संचालन गरेको पाइएमा संक्रामक रोग ऐन २०२० अनुसार कारवाही हुने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

१. विकास निर्माण संग सम्बन्धीत सामग्रीहरु ढुवानी गर्ने, दैनिक अत्यावश्यक उपभोग्य सामग्रीहरु (इन्धन, खाद्यान्न, तरकारी, फलफुल, दुध, औषधि, मासु जन्य सामग्री, आदि) ढुवानी गर्ने सवारी निर्बाध रुपमा संचालन गर्ने तर त्यस किसिमका सवारी साधनहरुमा मानिसहरु ओसार पसार नगर्ने नगराउने ।

२. औषधि तथा स्वास्थ्य सामग्रीहरुसंग सम्बन्धित पसल बाहेक अन्य सबै किसिमका दैनिक उपभोग्य सामग्री बिक्री गर्ने पसल, व्यवसायहरु विहान ७ बजे देखि १० बजे सम्म मात्र संचालन गर्ने गराउने ।

३. दैनिक अत्यावश्यक उपभोग्य सामग्रीहरु बिक्री गर्ने पसल व्यवसाय बाहेकका अन्य सबै किसिमका पसल व्यवसायहरु पूर्ण रुपमा बन्द गर्ने, गराउने।

४. नगरबासी नागरिकहरु अनावश्यक रुपमा घरबाहिर नजाने अन्यत्र आवत जावत नगर्ने, अन्य स्थानका आफन्तहरुलाई समेत आफ्नो घरमा नल्याउने तथा बाह्य क्षेत्रसँगको भौतिक सम्पर्क पूर्ण रुपमा बन्द गर्ने, गराउने।

५. विबाह, ब्रतवन्ध, घेवा, छेवार, पास्नी, जात्रा, पूजा, जस्ता कार्यहरुमा १५ (पन्ध्र) जना भन्दा बढी मानिसहरुको जमघट नगर्ने गराउने।

६. घरबाट निस्किएर अनावश्यक रुपमा चोक, पसलमा भेला जमघट नगर्ने नगराउने।

७. दुध भर्ने सहकारीहरुले कम्तीमा २ (दुई) मिटर भौतिक दूरी कायम हुने गरी उभिने व्यवस्था गर्ने, दूध लिएर आउने किसानहरुको पालो तथा समय किटान गरेर मात्र बोलाउने र दूध भरिसकेका किसानहरु अनिवार्य रुपमा घर फर्किहाल्ने गरी व्यवस्था मिलाउने।

०१/२३

मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
महादेवस्थान
Mahadevsthan

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

८. उद्योग र विकास निर्माण कार्यमा खटिएका कर्मचारी तथा श्रमिकहरुको बसोबास एक निश्चित स्थानमा मात्र रहने गरि मिलाउने र सो क्षेत्र भन्दा बाहिर निस्कने तथा हिडडुल गर्ने कार्य पूर्ण रुपमा बन्द गर्ने गराउने।

९. बचत तथा ऋण सहकारीहरुले हप्तामा बढीमा २ (दुई) दिन मात्र कार्यालय सञ्चालन गर्ने र घर घर तथा पसल पसल गएर बचत संकलन गर्ने कार्य पूर्ण रुपमा बन्द गर्ने गराउने।

१०. नगरकोट स्थित सेन्चुरी बैंकले वडा कार्यालयसँग समन्वय गरि हप्तामा बढिमा ३ दिन मात्र कुन्ता स्थित ग्लोबल आई.एम.ई बैंक आइतवार, सोमबार, बिहिवार, कुमारी बैंक मंगलबार, बुधबार, शुक्रबार, सिपाघाट स्थित NCC बैंक मंगलबार, बुधवार शुक्रवार र सिन्धु विकास बैंक आइतवार, सोमबार र बिहिवार मात्र सञ्चालन गर्ने गराउने र कर्मचारीहरुका लागि नगरपालिका क्षेत्र भित्रै बसोबास गर्ने व्यवस्था मिलाउने अन्यत्र ओहोरदोहोर नगर्ने नगराउने।

११. अत्यावश्यक दैनिक उपभोग्य सामग्रीहरु विक्री गर्ने पसल व्यवसाय, उद्योग, विकास निर्माण कार्यस्थल, दुध भर्ने सहकारी, बैंक तथा वित्तिय र सहकारी संघ संस्थाहरु लगायतका सबै स्थलमा अनिवार्य रुपमा तोकिएको स्वास्थ्य मापदण्ड पालना गर्ने गराउने, भौतिक दूरी कायम राख्ने, मास्क अनिवार्य गर्ने, हात धुने तथा सेनिटाइजरको व्यवस्था गर्ने गराउने।

१२. कोही कसैलाई संक्रमणको लक्षण देखिएमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी स्वास्थ्य कर्मीहरुको सल्लाह अनुसार गर्ने तथा संक्रमण भएका व्यक्तिहरुलाई नेपाल सरकारले तोकेको मापदण्ड अनुसारको अवधिभर अनिवार्य रुपमा होम आइसोलेसन तथा नगरपालिकाद्वारा सञ्चालित आइसोलेसनमा बस्ने र कुनै जटिल समस्या देखिएमा तत्काल नजिकको अस्पतालमा सम्पर्क गर्ने।

१३. कुनै समस्या आइपरेमा सम्बन्धित वडाका वडाध्यक्ष, नगरप्रमुख तथा नगर उप-प्रमुख लगायतका जनप्रतिनिधिहरु र नगरपालिकाको Covid-19 व्यवस्थापनमा खटिएका कर्मचारीहरुसँग सम्पर्क राख्ने ।

"ज्यान रहे संसार देख्न पाइन्छ भन्ने उखानलाई मनन गरी स्वस्थ रहन प्रयत्न गरौं; कोरोना भाइरसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं।"

..........
टोक बहादुर वाइबा
नगर प्रमुख

**टोकबहादुर वाइबा**
**नगर प्रमुख**